JOIN
IELTS
MORNING | DAY | EVENING
CLASSES
APPLY TO STUDY IN
AUSTRALIA & NEW ZEALAND
BEACON
Premier International Education
Siddhartha Chowk Pokhara

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २२ ❑ अङ्क ९३ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ बैशाख ३ गते शुक्रबार ❑ 16 April 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रु. २।-

## मुख्यमन्त्री गुरुङ विरुद्ध अविश्वासको प्रस्ताव पेश

**पोखरापत्र संवाददाता**
**पोखरा, २ बैशाख**

प्रधानमन्त्री केपी शर्मा ओलीले गत पुष ५ गते संसद विघटनको असंवैधानिक कदम चालेसंगै देशको राजनीतिले नयाँमोड लियसंगै यसको प्रभाव गण्डकी प्रदेशमा पनि पार्न थालेको हो।

गण्डकी प्रदेशका मुख्यमन्त्री पृथ्वीसुब्बा गुरूङ बिरुद्ध अविश्वासको प्रस्ताव दर्ता भएको छ। प्रतिपक्ष तीन दलले अविश्वासको प्रस्ताव पेश गरेसंगै प्रदेशमा सरकार परिवर्तन गर्ने गृहकार्य सुरु भएको भएको छ। प्रधानमन्त्री केपी शर्मा ओलीकै कार्यशैलीमा असंवैधानिक र अलोकतान्त्रिक ढंगले अघि बढ्न लागेको भन्दै त्यसको बिरुद्धमा आफुहरुले अविश्वासको प्रस्ताव पेस गरिएको नेपाली कांग्रेस संसदीय दलका नेता कृष्णचन्द्र नेपाली पोखरेलले बताए।

प्रतिगमन विरुद्ध गण्डकी प्रदेशका नेकपा एमाले बाहेकका अन्य चार दलले मोर्चा बन्दी गरेकोले मुख्यमन्त्री गुरुङ नेतृत्वको सरकार हट्ने र नयाँ सरकार बनाउन गृह कार्य सुरु भएको नेता नेपालीले जनाए। नेता नेपाली सहितको टोलीले गण्डकी प्रदेशको प्रदेश सचिवालयमापुगेर सचिव हरिराम पोखरेल समक्ष उक्त अविश्वासको पत्र विहिबार दर्ता समेत गराएका छन्।

नेपालको संविधानको धारा १८८ को उपधारा ४ तथा प्रदेशसभा नियमावलीको नियम १४४ को उपनियम १ बमोजिम



गण्डकी प्रदेशसभा सदस्य तीन दलका २८ जनाद्धारा हताक्षरित पत्रमा मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङ माथि प्रदेशसभाको विश्वास छैन भनि अविश्वासको प्रस्ताव पेश गरिएको नेता नेपालीले बताए। नेपालको संविधानको धारा १८८ को उपधारा ५ बमोजिम मुख्यमन्त्री पदका लागि कृष्ण चन्द्र नेपाली पोखरेललाई प्रस्ताव गरिएको उक्त पत्रमा उल्लेख गरिएको छ। गण्डकी प्रदेश सभामा कास्की सहित ११ जिल्लाका ६० जना सांसद रहेकाछन भने जस मध्य नेकपा एमालेको तर्फबाट २८ जना, नेपाली कागेंसको तर्फबाट १५, माओबादी केन्द्रबाट १२, राष्ट्रिय जनमोर्चाबाट ३, जनता समाजवादी पार्टीबाट २ जना सांसद रहेका छन्। मुख्यमन्त्री गुरुङले विश्वासको मत लिन जनमोर्चा वा कम्तिमा ३ सांसद आफ्नो पक्षमा लिनु पर्ने हुन्छ अन्यथा मुख्यमन्त्रीको बहुमत नपुग्ने देखिन्छ।

यसैबिच, नेकपा माओबादी केन्द्र गण्डकी प्रदेश संसदीय दलका नेता हरि बहादुर चुमानले मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङ नेतृत्वको सरकारलाई दिएको समर्थन फिर्ता लिएको बताए। दलका नेता चुमानले मुख्यमन्त्री गुरुङले एकपक्षिय रुपमा उलंङन गर्नु भएको भन्दै विहिबार देखि मुख्यमन्त्री गुरुङलाई दिएको समर्थन फिर्ता लिएको पत्र समेत गण्डकी प्रदेश सभा सचिवालयमा पेश गरेका हुन्। त्यस्तै नयाँ सरकार गठन गर्ने मोर्चा बन्दी भएका नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र, जनता समाजवादी पार्टी र राष्ट्रिय जनमोर्चाले बिहीबार अविश्वास प्रस्ताव दर्ता गर्ने तयारी गर्दै गर्दा प्रदेश सरकारको सिफारिसमा प्रदेश प्रमुख अमिक शेरचनले वैशाख १ को मध्यरातबाट लागू हुने गरी अधिवेशन अन्त्य गरेको सिफारिस गरेका थिए। मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङ अविश्वासको प्रस्तावबाट धैरै भाग्न नसक्ने भन्दै मोर्चा बन्दी भएका दलहरुले विहिबार प्रदेश प्रमुख समक्ष विशेष अधिवेशन बोलाउन समावेदन समेत पेश गरेका छन्। राष्ट्रिय जनमोर्चा बाहेक प्रतिपक्ष दलका नेताहरुले पृथ्वी सुब्बा गुरुङले अवैधानिक र चारबाटोबाट अधिवेसन अन्त्य गरेको आरोप लगाएका छन्। जनअपेक्षाका र विश्वासको कदर गर्दै संघियता, लोकतन्त्र र गणतन्त्रलााई सबल बनाउदै संवैधानिक तरिकाले गण्डकी प्रदेश सर्वश्रेष्ठ प्रदेश बनाउने साभ्का संकल्पलाई पुरा गर्न यो सरकार चुकेको पेश गरिएको अविश्वासको पत्रमा उल्लेख गरिएको छ। त्यस्तै नीति तथा कार्यक्रममा बजेटमा योजना घोषणा गर्ने तर कान्वयन तर्फ उदासीन हुने प्रवृत्तिले बजेट खर्च अन्त्य न्यून रहेको, महंगी अस्वभाविक रुपमा बढेको, बेरोजगार बृद्धि चरममा पुगेको, बेरुजुको मात्र अत्याधिक बढेको नेता नेपालीले बताए।

कोरोनाको मारमा परेका जनताको हितमा काम गर्नु पर्ने समयमा पार्टीको आन्तरिक समस्यामा अल्भ्कने, प्रधानमन्त्रीले चालेको असंवैधानिक कदमको बचाउ र समर्थनमा व्यस्त भएको उनको आरोप थियो। प्रदेशसभालाई बिषयगत समेतका समितिहरुलाई अत्यन्त न्यून बजेट दियर संसदीय कार्यलाई वाधित गरिएको, प्रतिपक्ष मात्र नभई सत्ताका सहयात्रीलाई अजवरत रुपमा अपमान, उपेक्षाको निर्मम प्रहारले समन्वय र सहमतीको यात्रालाई कमजोर बनाउने तर्फ सरकार उद्दत रहेको प्रतिपक्षदलहरुको गुनासो रहेको छ। अविश्वासको प्रस्ताव आउने कुरा केही दिन अघि चर्चा चलेसंगै

बाँकी अन्तिम पृष्ठमा ▶▶

## संक्रमण अति प्रभावित १४ जिल्लाका विद्यालय नजान अपिल

**रासस**
**काठमाडौं, २ बैशाख**

सरकारले कोभिड-१९ को सङ्क्रमण बढ्दै गएकाले अति प्रभावित १४ जिल्लाका विद्यालयलगायत भीडभाड हुने ठाउँमा नजान आग्रह गरेको छ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका सहप्रवक्ता डा समिरकुमार अधिकारीले आज अपिल जारी गर्दै पछिल्ला दिनमा सङ्क्रमण बढ्दै गएकाले काठमाडौँ, ललितपुर, कास्की, रुपन्देही, चितवन, बाँके, पर्सा, भक्तपुर, कैलाली, मोरङ, दाङ, सुर्खेत, बारा र बागलुङका विद्यालयलगायत भीड हुने ठाउँमा नजान आग्रह गरिएको छ।

"ती जिल्लाका बढी भीडभाड हुने सबै क्षेत्र तथा सेवा अविलम्ब बन्द गर्नुपर्ने अवस्था भए पनि विद्यालय, रात्रि व्यवसाय, ७:०० बजेपछि सबै रेष्टुरेष्ट तथा क्लब, खेलकूद, जीम, सार्वजनिक पूजाआजा तथा जात्रा, सभा, सम्मेलन, बैठक तथा भेला, सिनेमा हल, सपिङ मल, नाचघर, पार्टी प्यालेस, हेल्थ क्लब, स्विमिङ पुल आदि स्थलमा सहभागी नभइदिन हुन अनुरोध छ", अपिलमा भनिएको छ।

उनले अबका दिन सङ्क्रमण प्रभावका हिसाबले निकै नै चुनौतिपूर्ण हुनसक्ने भएकाले सबै नागरिक तथा सरोकारवाल निकाय सचेत हुँदै संवेदनशिल रुपमा जिम्मेवार बन्न पनि आग्रह गरेका छन्।

अपिलमा जनस्वास्थ्यका मापदण्डको कडाइका साथ पालना गर्न अनुरोध गरिएको छ। उनले सबैलाई सङ्क्रमणबाट जोगिन संवेदनशिल भइदिन र 'मेरो स्वास्थ्य मेरो जिम्मेवारी' भन्ने बुझेर जिम्मेवार बनिदिन अनुरोध गरेका छन्। अपिलमा सबै अस्पतालले अनिवार्य रुपमा ज्वरो (फिवर) क्लिनिकसञ्चालनगर्नभनिएकोछ।

मन्त्रालयका सहप्रवक्ता डा अधिकारीले विदेशी नागरिकलाई पिसीआर नेगेटिभ आएपछि मात्र होटलमा बास राख्न अनुरोध गरेका छन्। मन्त्रालयले नियमित रुपमा अस्पतालमा सेवा लिन आइरहेका सेवाग्राहीलाई कोभिड-१९ सङ्मक्रण पुष्टि भएका आधारमै मात्र अन्य अस्पतालमा पठाउने गरेर अनावश्यक दुःख हुने काम नगराउन आग्रह गरेको छ।

मन्त्रालयका सहप्रवक्ता डा अधिकारीले सबै सरकारी अस्पतालले कम्तीमा ५० प्रतिशत शय्या कोभिड-१९ संक्रमितलाई व्यवस्थापन गर्न र तोकिएअनुसार निःशुल्क सेवा दिन पनि अपिल गरेका छन्। मन्त्रालयले बालबालिका, गर्भवती, सुत्केरी महिला, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिकलाई कोभिड-१९ को परीक्षण तथा उपचारमा उच्च प्राथमिकतामा राख्न अनुरोध गरेको छ।

## मौलिक सिर्जनाबाट मुलुकको प्रतिष्ठा अभिवृद्धि गर्नुपर्छ : राष्ट्रपति भण्डारी

**रासस**
**काठमाडौं, २ बैशाख**

राष्ट्रपति विद्यादेवी भण्डारीले विश्वमा विकसित कलाको सिद्धान्त र प्रवृत्तिको अध्ययन गरी मौलिक सिर्जनाका माध्यमबाट देशको प्रतिष्ठा अभिवृद्धि गर्नेतर्फ कलाकार अग्रसर हुनुपर्ने बताएकी छन्।

नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानद्वारा आयोजित 'राष्ट्रिय ललितकला प्रदर्शनी २०७८' को समुद्घाटन समारोहलाई सम्बोधन गर्दै उहाँले मुलुकमा समृद्धि हासिल गर्ने साभ्का यात्रामा अघि बढिरहेको सन्दर्भमा कलाकार राज्यको यस सङ्कल्पलाई गहिरोसँग आत्मसाथ गर्दै विकास प्रक्रियामा सबैलाई जागरुक, जिम्मेवार र सक्रिय बनाउनेतर्फलाग्नुपर्नेमाजोडदिनुभयो।

प्रतिष्ठान नेपाली मौलिक कलाको अध्ययन अनुसन्धान गर्न गराउन तथा विशुद्ध नेपाली पहिचानसहित अन्तर्राष्ट्रिय प्रतिष्ठा आर्जन गर्ने कलाको विकास गर्न नेतृत्वदायी भूमिका खेल्नुपर्ने उल्लेख गर्नुहुँदै राष्ट्रपति भण्डारीले भन्नुभयो, "प्रतिष्ठान स्थापनाको वास्तविक उद्देश्य पनि यही हो भन्ने मलाई लागेको छ।"

कुनै पनि मुलुकको कलाको स्तरबाट त्यहाँको सभ्यताको विकास मापन हुने जानकारी दिँदै उहाँले कला सिर्जनामा जीवन र जीवनका सङ्ग्रहहरु हुने उल्लेख गर्नुभयो। प्राचिनकालदेखि नै जीवनजगतलाई बुझ्ने र बुझाउने साहित्य तथा सङ्गित जस्तै ललितकलाको पनि साधना चल्दै आएको राष्ट्रपति भण्डारीको भनाइ थियो। उहाँले विविध सांस्कृतिक सम्पदायुक्त

बाँकी अन्तिम पृष्ठमा ▶▶

## गण्डकी प्रदेशसभाको विशेष अधिवेशन माग

**पोखरापत्र संवाददाता**
**पोखरा, २ बैशाख**

गण्डकी प्रदेशका मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङविरुद्ध अविश्वासको प्रस्ताव दर्ता गरेका नेपाली कांग्रेस, नेकपा माओवादीकेन्द्रर जनतासमाजवादी दलकातर्फबाट प्रदेशसभाको विशेष अधिवेशन माग गरिएको छ।

प्रदेशसभा सचिवालयमा अविश्वासको प्रस्ताव दर्ता गरेका तीन दलका सदस्यले आजै प्रदेश प्रमुखको कार्यालय पुगी विशेष अधिवेशन माग गरिएको समावेदन पत्र दर्ता गराएका हुन्। उक्त अवसरमा कांग्रेस संसदीय दलका नेता कृष्णचन्द्र नेपाली, माओवादी केन्द्र संसदीय दलका नेता हरिबहादुर चुमान र जनता समाजवादी पार्टीका नेता हरिशरण आचार्यलगायत दलका प्रदेशसभा सदस्यको उपस्थिति थियो।

हिउँदे अधिवेशन चलिरहेको अवस्थामा सरकारको सिफारिसमा प्रदेश प्रमुख अमिक शेरचनले यही वैशाख १ गते रातको १२.०० बजेदेखि अधिवेशन अन्त्य गरेका थिए।

प्रदेश सरकारको सिफारिसमा प्रदेश प्रमुख अमिक शेरचनले वैशाख १ गते राति १२ बजेदेखि अधिवेशन अन्त्य गरेका हुन्।

अधिवेशन अन्त्य गरिएको पत्र प्रदेश प्रमुखको कार्यालयबाट प्राप्त भएको र बिहान १०:३५ बजे प्रदेशसभा सचिवालयमा दर्ता भएको सचिव हरिराज पोखरेलले जानकारी दिए।

नेपाली कांग्रेससहितका विपक्षी दलले सरकारका विरूद्ध अविश्वासको प्रस्ताव दर्ताको तयारी गर्न लागेको अवस्थामा चालु अधिवेशन अन्त्य गर्नुलाई राजनीतिक बृत्तमा चासोका साथ हेरिएको छ।

## 'डबल म्युटेन्ट भेरियन्ट' संक्रमितको कन्टयाक्ट ट्रेसिङ

**रासस**
**काठमाडौं, २ बैशाख**

कोभिड-१९ को नयाँस्वरुप 'डबल म्युटेन्ट भेरियन्ट' र 'युके भेरियन्ट' सङ्क्रमण देखिएका व्यक्तिको यात्रा विवरण (ट्राभल हिस्ट्रि) खोजी गर्न थालिएको छ।

इपिडिमियोलोजी तथा सरुवा रोग नियन्त्रण महाशाखाका निर्देशक डा कृष्ण पौडेलले 'डबल म्युटेन्ट भेरियन्ट' र 'युके भेरियन्ट' सङ्क्रमण देखिएका व्यक्तिको यात्रा विवरण खोजी भइरहेको जानकारी दिए। "सङ्क्रमण देखिएका व्यक्ति विदेशबाट आएका हुन्", उनले भने, "उनीहरुको यात्रा विवरण, कन्ट्याक्ट ट्रेसिङ हामीले खोजिरहेका छौँ।" हङ्कङमा परीक्षणका क्रममा बुधबार ललितपुरका ५९ वर्षीय एक जनामा 'डबल म्युटेन्ट भेरियन्ट' र अन्य नौ जनामा 'युके भेरियन्ट' पुष्टि भएको हो। पन्ध्र जनाको अणुवांशिक (जीन सिक्वेन्सिङ)मा एक जनाको 'डबल म्युटेन्ट भेरियन्ट' भेटिएको हो। सङ्क्रमित तीन हप्ता पहिले नेपाल आएकाले उनीहरुमा सङ्क्रमण नभए पनि अरुलाई सारेको हुनसक्ने भएकाले कन्याक्ट ट्रेसिङलगायतका कार्य भइरहेको उनले बताए।

## प्रधानमन्त्री र राजपाका शीर्ष नेताबीच छलफल

**रासस**
**काठमाडौं, २ बैशाख**

प्रधानमन्त्री केपी शर्मा ओली र जनता समाजवादी पार्टीका अध्यक्ष महन्थ ठाकुरलगायतका नेताहरुबीच छलफल भएको छ। प्रधानमन्त्री निवास बालुवाटारमा बिहीबार भएको छलफल सकारात्मक रहेको बताइएको छ।

दिउँसो प्रधानमन्त्री ओली र अध्यक्ष ठाकुरबीच छुट्टाछुट्टै कुराकानी भएको थियो। सो छलफलपछि साँझ पुनःकार्यदलस्तरमा विचारविमर्श भएको हो। भेटवार्तामा समसामयिक राजनीतिक विषयमा छलफल भएको र सकारात्मक रहेको कार्यदलका सदस्यसमेत रहनुभएका प्रधानमन्त्रीका परराष्ट्र सल्लाहकार राजन भट्टराईले जानकारी दिए। जसपाले कारागारमा रहेका सांसद रेशम चौधरीको रिहाइ, टीकापुरलगायत अन्य घटनामा मुद्दा चलेकाको मुद्दा फिर्तालगायतका माग राख्दै आएको छ। कार्यदलमा नेकपा संसदीय दलका उपनेता सुवास नेम्वाङ, अर्थमन्त्री विष्णुप्रसाद पौडेल र भट्टराई सदस्य हुनुहुन्छ। यस्तै जसपाका नेता सर्वेन्द्रनाथ शुक्ला र लक्ष्मणलाल कर्ण जसपाकातर्फबाट कार्यदलमा सदस्य रहेका छन्।





मन्दिर दर्शनका लागि भक्तजनको भीडः  तनहुँको शुक्लागण्डकी नगरपालिका-९ स्थित प्रसिद्ध ढोरबाराही मन्दिर दर्शनका लागि भक्तजनको भीड। विभिन्न जिल्लाबाट मन्दिर दर्शनका लागि भक्तजन आउने गर्दछन्। तस्वीरः रासस

# 'राष्ट्रिय मेयर सम्मेलन'बाट पोखरा घोषणापत्र जारी

**पोखरापत्र संवाददाता**
**पोखरा, २ बैशाख**

पोखरामा स्थानीय तहका प्रमुखहरूको 'प्रथम राष्ट्रिय मेयर' सम्मेलन सम्पन्न भएको छ। पोखरा महानगरपालिकाको आयोजनामा चैत ३१ र वैशाख १ गते सञ्चालन भएको सम्मेलनले १६ बुँदे पोखरा घोषणापत्र जारी गरेको छ।

विसं २०७४ मा सम्पन्न स्थानीय तहको निर्वाचनपछिको अवधिका सिकाइहरू, समस्याहरू र आगामी योजनाहरूको बारेमा छलफल गरी आगामी दिनमा के कस्ता रणनीतिहरू अपनाउने भन्ने विषयमा घोषणापत्र जारी गरिएको पोखरा महानगर प्रमुख मानबहादुर जिसीले बताउनुभयो। उहाँका अनुसार सम्मेलनबाट जारी घोषणापत्रलाई देशका ७५३ वटै पालिकामा इमेलमार्फत पठाएर सुझाव सङ्कलन गरी यही वैशाख १० गते अन्तिम रूप दिइने छ।

महानगरको चालु वर्षको वार्षिक कार्यक्रममा मेयर सम्मेलन आयोजना गरिने कार्यक्रम राखेर आयोजना गरिएको प्रमुख जिसीले जानकारी दिनुभयो। 'समृद्ध नेपाल र सुखी नेपाली'को आधारशीला तयार गर्ने आधिकारीक निकाय स्थानीय तहहरू भएकाले पालिकाहरूको आपसी सहकार्य, समन्वयात्मक अन्तर आबद्धतालाई नियमित गर्दै सहकार्य गर्न अवसरहरू सिर्जना गर्दै अगाडि बढ्ने प्रतिबद्धता सम्मेलनबाट लिइएको छ। सम्मेलनले स्थानीय विकासका मुद्दाहरूलाई प्राथामिकीकरण गरी नागरिकको गुणस्तरीय, आत्म सम्मानित र पहिचानसहितको जीवन सुनिश्चित गर्न नीति तथा कार्यक्रमहरू तर्जुमा गरी कार्यान्वयन गर्न जोड दिएको छ। पालिकाहरूलाई सामाजिक न्यायसहितको आर्थिक विकासका केन्द्रका रूपमा विकास गर्न सङ्घ तथा प्रदेश सरकारहरूसँग सहकार्य गरी कार्यक्रमहरू सञ्चालन गर्ने र स्थानीय तहरूलाई संविधान प्रदत्त अविछिन्न उत्तराधिकारवाला स्वायत्त संस्थाका रूपमा विकास गर्न निरन्तर सहकार्य गर्ने मञ्चको विकास गर्न यसै वर्षदेखि वार्षिकरूपमा स्थानीयपालिका प्रमुख तथा उपप्रमुखहरूको राष्ट्रिय सम्मेलन गर्ने घोषणा गरिएको छ। जारी घोषणपत्रमा पालिकाहरूको शासकीय क्षमता अभिवृद्धि गर्न निरन्तर सहकार्य गर्ने संयन्त्रको विकास गर्ने, संविधानप्रदत्त अधिकार क्षेत्रहरूमा हुने सबै प्रकारका हस्तक्षेपलाई अस्वीकार गर्ने उल्लेख छ। पालिकाहरूलाई परनिर्भर बनाउने प्रदेश तथा सङ्घीय कार्यक्रमहरू निरुत्साहित गर्ने, सङ्घीयताको सबलीकरणका लागि स्थानीय तथा प्रदेश तहमा भएका र विस्तार गर्ने सङ्घीय सरकारका सबै निकायलाई स्थानीय तथा प्रदेशस्तरमा समावेश गर्न सङ्घीय सरकारसँग माग गर्ने जारी घोषणपत्रमा उल्लेख छ। यसैगरी विकासलाई जनमैत्री र परिणाममूलक बनाउन भूगोलमा गरिने विकास बजेट पालिकामा नै पठाउन माग गर्ने र स्थानीय पालिकाको समन्वयबिना सङ्घ तथा प्रदेश सरकारका विकास कार्यक्रमहरूलाई निरुत्साहित गरिने उल्लेख छ। निर्वाचन क्षेत्र सुधार कार्यक्रमहरूलाई पालिकाअन्तरगत पालिकाको योजनामुताविक गर्न पर्ने, सङ्घद्वारा आयोजित योजनाहरू कम्तीमा पनि रु २० करोड र प्रदेशका योजनाहरू रु १० करोडभन्दा माथिका हुनुपर्ने र यसभन्दा साना योजनाहरूमा प्रत्यक्षरूपमा पालिकामै बजेट पठाउने व्यवस्था मिलाउन माग गरिएको छ।

भ्रष्टाचार उन्मूलनका लागि शून्य सहनशीलता अपनाउन साझा संयन्त्र विकास गर्ने, पालिकाहरूलाई वातावरण मैत्रीपालिकाका रूपमा विकास गर्न विद्युतीय सवारी साधन, केवलकार र छोटो दूरीको सवारी साधनका रूपमा साइकललाई प्रवर्द्धन गर्न जोड दिइएको छ। यसैगरी अब बन्ने सडकहरूमा साइकल लेनलाई र सडक किनाराको वृक्षरोपणलाई अनिवार्य गर्ने, शहरहरूलाई साइकल मैत्रीशहरका रूपमा विकास गर्ने र प्रत्येक पालिकामा कम्तीमा दुई किलोमिटर साइकलमार्ग निर्माण गर्ने जारी घोषणापत्रमा उल्लेख छ।

# युनाईटेड क्लवद्धारा शिद्ध माविमा सेनिटरी प्याड वितरण

**पोखरापत्र संवाददाता**
**पोखरा, २ बैशाख**

युनाईटेड क्लवको ११ औ वार्षिकोत्सवको अवसरमा आयोजित साताव्यापी कार्यक्रमको दोश्रो दिन शिद्ध माविमा सेनेटरी प्याड वितरण गरेको छ।



क्लवले पोखरा १५ फलेपाटनमा रहेको शिद्ध माविमा अध्ययनरत छात्राहरुलाई लक्षित गरी सेनेटरी प्याड वितरण गरिएको हो। सो अवसरमा वोल्दै पोखरा महानगरपालिका १५ का वडा अध्यक्ष प्रकाश पौडेलले वडाले चलाएको वालिकामैत्री सेनिटरी प्याड युक्त विद्यालय बनाउने अभियानमा युनाईटेड क्लवले गरेको कार्यक्रमले साथ दिएको वताए। सेनिटरी प्याडको अभावमा कक्षाकोठामा अध्ययन गर्दै गर्दा विचैमा पढाइ छाडेर जानुपर्ने वाध्यता अझैपनि छात्राहरुलाई रहिररहदा युनाईटेड क्वलले प्रदान गरेको सेनिटरी प्याडले त्यस्तो बाध्यतालाई सहजता प्रदान गर्ने उनको भनाइ रहेको थियो।

पिरियडको वेलामा अझैपनि घरमा समेत सहज वातावरण नहुदा छात्राहरुले पढाइमा असर पर्ने काम भइरहेकाले यसबारेमा पनि अभिभावकले ध्यान दिनुपर्ने पौडेलले वताए।

त्यस्तै शिद्ध माविका प्रध्यानाध्यापक गुरुदत्त काईरालाले सेनिटरी प्याड वितरण सानो कुरा जस्तो लागेपनि विद्यार्थी छात्राहरुको लागि महत्वपूर्ण कार्य भएको वताउदै छात्राहरुमा पिरियडकै कारण विद्यालय विचैमा छाडेर हिड्दा पढाइ विग्रने अवस्था आईरहदा यस्तो वेलामा सेनेटरि प्याड विद्यालयबाट प्रदान गर्न सके उनहरुको पढाईमा समेत राम्रो वातावरण सिर्जना हुने वताए। त्यस्तै विद्यालय व्यवस्थापन समितिका अध्यक्ष शिव वहादुर भण्डारीले युनाईटेड क्लले विद्यालयको निम्ति प्रदान गरिएको सामग्रीले विद्यार्थी लाई पढाइमा सहज वातावरण तय हुने वताए। युनाईटेड क्लवका अध्यक्ष राजु श्रेष्ठको अध्यक्षतामा सम्पन्न कार्यक्रममा क्लवका द्धितिय अध्यक्ष गणेश तिमिल्सिनाले स्वागत मन्तब्य ब्यक्त गरेका थिएभने क्लवका कार्यसमिति सदस्य तथा सेनेटरी प्याड वितरण कार्यक्रमका संयोजक सीमा गुरुङले धन्यवाद मन्तब्य राखेकी थिइन। क्लवका महासचिव शान्त बहादुर थापाले कार्यक्रमको सञ्चालन गरेको कार्यक्रममा क्लवका संस्थापक अध्यक्ष हिमालय बख्रेल, निवर्तमान अध्यक्ष सुक बहादुर गुरुङ, कोषाध्यक्ष सूर्य बहादुर वानिया, सचिव दिनेश सुनार, सदस्यहरु सीमा गुरुङ, सन्तोष कार्की लगायतको सहभागीता रहेको थियो।

## मुख्यमन्त्री...

मुख्यमन्त्री गुरुङले आफुहरुले डटेर सामना गर्ने अभिव्यक्ति दिएका थिए। प्रदेशको मुख्यमन्त्रीको विकल्पमा अघि सारिएका नेपाली कागेंस संसदीय दलका नेता कृष्ण चन्द्र नेपाली पोखरेलले बिहीबार पोखरामा आयोजित पत्रकार

सम्मेलनमा बोल्दै मुख्यमन्त्री गुरूङले चोर बाटो प्रयोग गरेर अधिवेशन अन्त्य गरेको आरोप लगाए। गण्डकी प्रदेशमा पनि संघीय सरकारकै अनुशरण गरेर संसदीय विधि-पद्धति लत्याएको काम भएको उनको भनाई थियो।

मुख्यमन्त्री गुरुङ अविश्वासको प्रस्तावबाट अब भाग्न नसक्ने १०/१५ दिनमा विशेष अधिवेशन बोलाउनै पर्ने अबस्था सृजना हुने नेता नेपालीको भनाई थियो। ६ गतेलाई बैठक बोलाइसकेको अस्वस्थामा प्रदेशसभाको अधिवेशन रातारात अन्त्य गर्नु राजनीतिक बेइमानी भएको उनले टिप्पढी गरे। माओवादी केन्द्रका संसदीय दलका नेता हरिबहादुर चुमानले मुख्यमन्त्रीले प्रधानमन्त्री केपी ओलीकै पथ पछ्याएको दाबी गरे। संविधान मिच्ने काम प्रधानमन्त्रीले गरेको आरोप लगाएका नेता चुमानले नेपाली राष्ट्रिय राजनीतिलाई धुर्वीकरण गरेको प्रतिगमनका बिरुद्ध अन्य दलहरु एक ठाँउमा उभिन बाध्य गराएको जनाए। जनता समाजवादी पार्टीका संसदीय दलका नेता हरिशरण आचार्यले प्रधानमन्त्री ओलीको असंवैधानिक, कु, अलोकतान्त्रिक कदमलाई मुख्यमन्त्री गुरुङले समेत कदम चालेकोले त्यसको बिरुद्ध आफुहरु एक भएको जनाए। नैतिक हिसाबले अविश्वासको प्रस्ताव फेस गर्न नसकेर मुख्यमन्त्री गुरुङले राजनीतिक रुपमा हारको मानसिकता देखाएको उनले आरोप लगाए।

# थप ५३४ संक्रमित

**रासस**
**काठमाडौं, २ बैशाख**

पछिल्लो २४ घण्टामा थप ५३४ मा कोरोना भाइरस सङ्क्रमण पुष्टि भएको छ। योसँगै नेपालमा कोरोना भाइरस सङ्क्रमितको सङ्ख्या दुई लाख ८२ हजार ५४ पुगेको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जनाएको छ।

मन्त्रालयका अनुसार तीन हजार ५८८ मा पिसीआर र ५६४ मा एन्टिजेन गरी चार हजार १५२ को कोरोना परीक्षण गर्दा ५३४ मा कोरोना पुष्टि भएको हो। चार सय ९० मा पिसीआर र ४४ मा एन्टिजेन पोजिटिभ आएको हो।

बिहीबार थपिएका सङ्क्रमितमध्ये १९६ काठमाडौँ उपत्यकाका छन्। त्यस्तै भक्तपुरमा आठ, ललितपुरमा४३रकाठमाडौँमा१४५ रहेका छन्। गत २४ घण्टामा पाँच कोरोनासङ्क्रमितकोमृत्युभएकोछ।

हालसम्म कोरोनाबाट मृत्यु हुनेको सङ्ख्या तीन हजार ६६ पुगेको छ। गत २४ घण्टामा १५७ सङ्क्रमित निको भएका छन्। योसँगै हालसम्म कोरोनाबाट निको हुनेको सङ्ख्या दुई लाख ७४ हजार ६०४ पुगेको छ।

हाल देशभर चार हजार ३८४ सङ्क्रमित आइसोलेशनमा छन्। तीमध्ये तीन हजार ८९४ होम आइसोलेशनमा रहेका छन् भने ४९० संस्थागत आइसोलेशनमा छन्। देशभर ९१ आइसीयु र ३५ सङ्क्रमित भेन्टिलेटरमा उपचाररत छन्। हाल ६८ क्वारेन्टिनमा रहेको मन्त्रालयका प्रवक्ता डा जागेश्वर गौतमले जानकारी दिए।

## मौलिक...

मुलुक मौलिक कला र संस्कृतिले सम्पन्न रहेको स्मरण गर्नुभयो।

उहाँले अनुपम प्राकृतिक सुन्दरताले सजिएको यहाँको परिवेशले सर्जकलाई सिर्जना कार्यमा उत्प्रेरित गरिरहेको अनुभव सुनाउनुभयो।

कला प्रष्फुटनका निम्ति प्रतिष्ठानले उपलब्ध गराएको वातावरणको थप उपयोग गर्न उहाँले कलाकारलाई आग्रह गर्नुभयो। कला सिर्जनामा प्रोत्साहन गर्ने प्रतिष्ठानको अभियानको प्रशंसा गर्दै राष्ट्रपति भण्डारीले प्रसिद्ध कलाकार अरनिकोको कालजयी सिर्जनाले नेपालमा मात्रै नभई विश्वमा ख्याति कमाएको दृष्टान्त जीवित रहेको सुनाउनुभयो।


उहाँले जीवन र जगतका रहस्य खोज्ने तथा बोध गराउने पौभा, थान्का, मण्डल वृत्तचित्र, काष्ठकला, मूर्तिकला तथा ग्रन्थचित्रले हाम्रो समाजको विकासक्रम र परम्परालाई चित्रण गरिरहेको जानकारी गराउनुभयो।

फागुनदखि बैशाखसम्मको अवधि हावाहुरी बढी आउने समय हो। आगो बाल्दा सुरक्षित ठाउँमा मात्र बाल्न, सलाई लाइटर, मट्टीतेल आदि ज्वलनशिल बस्तु केटाकेटीले भेट्ने ठाउँमा नराखौं। केटाकेटीलाई जथाभावी आगो बाल्दा हुन सक्ने आगलागीका दुर्घटनाहरुबारे सम्झाई बुझाई गर्न यस्ता कुराहरुबाट सजग हुन जनचेतना बढाउने कार्यमा सहयोग गरौं।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना विभाग




कपालको उपचार
कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने
के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?
- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

के तपाईमा यौनसम्बन्धी समस्या छ
पुरूषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ्ग चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि।
महिलाहरूमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।
सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।
मलद्धार सम्वन्धी रोग : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।
महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार
जाँच्ने समयः प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म
सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५३९१९४, ९८४४३११९०६, ९८४६०४११३१
नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

जुनसुकै समाजमा पनि अनैतिकता र अन्यायले निराशलाई जन्माउँछ ।

- विदुरनीति

## सम्पादकीय

# संघीयता कमजोर बनाउने खेल

गण्डकी प्रदेशका मुख्यमन्त्री  पृथ्वीसुब्बा गुरुङका विरुद्ध प्रदेश सभामा अविश्वासको प्रस्ताव दर्ता भएको छ । नेपाल कम्युनिस्ट पार्टी माओवादी केन्द्र र राष्ट्रिय जनमोर्चाले समर्थन फिर्ता गरे लगत्तै अविश्वासको प्रस्ताव दर्ता भएको छ । प्रमुख विपक्षी दल नेपाली काङ्ग्रेस संसदीय दलका नेता कृष्ण चन्द्र पोखेललाई मुख्यमन्त्रीमा प्रस्तावित गरिएको छागण्डकी प्रदेश सभामा रहेका काङ्ग्रेस, माओवादी केन्द्र, जनता समाजवादीका २८ जना प्रदेश सभा सदस्यले हस्ताक्षर गरेका छन । जनमोर्चाका ३ जनाले अविश्वासको प्रस्तावमा हस्ताक्षर गरेका छैनन् । प्रधानमन्त्री केपी शर्मा ओलीले प्रतिनिधि सभा विघटन गरेको विरोधमा ओली निकट मुख्यमन्त्री परेका छन ।

गण्डकी प्रदेशमा बामपंथी सरकार ढालेर गैर बामपंथीको नेतृत्वमा सरकार बनाउन नेकपा माओवादी केन्द्र, जनमोर्चा र जसपाका केन्द्रका नेतृत्वनै लागेको छ । नेपाल कम्युनिस्ट पार्टी एमाले र माओवादी केन्द्र छुट्याउने सर्वोच्च अदालतको फैसलाको असर प्रदेश सरकारमा परेको छ । संघीयताको कार्यान्वयनमा दह्रो खुट्टा टेक्ने गण्डकी प्रदेशका मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङ र लुम्बिनी प्रदेशका मुख्यमन्त्री शंकर पोखेललाई हटाउन खोज्नुलाई विडम्बना मान्नुपर्छ । प्रदेशलाई अधिकार दिनुपर्छ भनेर निरन्तर आवाज उठाउने, केन्द्र सरकारसंग तर्क गर्न सक्नेलाई केपी ओलीको निकटको ठानेर हटाउन खोज्नु सौताको रिसले पोइको काखमा सु गर्नु जस्तै हो । जनतामा प्रदेश चाहिदैन भन्ने भावना बढाउनेलाई राजनीतिक र बस्तुगत आधार विना ल्याइएको प्रस्तावले अस्थिरता मात्र ल्याउँछ । केन्द्रको राजनीति अस्थिर भएको बेला प्रदेश सरकारलाई राम्ररी काम गर्न दिन र जनादेश अनुरूप जान संभ्काउनुपर्ने बेला दलका मुली नै अस्थिरता निम्त्याउने खेलमा लाग्नु संघीयतालाई निमोठ्न खोज्नु हो ।

दलका शिर्ष नेताहरुले प्रदेशको विकास, संघीयता कार्यान्वयन र राजनीतिक स्थिरता खोज्न सोच्नुपर्छ भनेर चालू प्रदेश संसद अधिवेशन स्थगित भएको छ । प्रदेशमा राजनीतिक अस्थिरता नहोस्भनेर सम्भावना खोज्नकै लागि संसद अधिवेशन अन्त्य गरेको मुख्यमन्त्री गुरुङले स्पष्टीकरण दिएका छन । बिहीबार गण्डकी प्रदेश सभामा विपक्षी दलहरुले अविश्वासको प्रस्ताव दर्ता गराएपछि, 'राजनीति गर्ने र लोकतन्त्रप्रति विस्वास गर्ने मैले अविश्वासको प्रस्तावबाट भाग्न होइन सम्भावना खोज्नकै लागि अधिवेशन अन्त्यको सिफारिस गरेको जिकिर गरेका छन । प्रदेशमा देखिएको अस्थिरता अन्त्यका लागि केन्द्रका नेताहरुसँग छलफल गर्न आफू  काठमाडौं जान लागेको भन्दै पार्टीको केन्द्र तहबाट समेत यसबारेमा चासो देखाउनुपर्ने मुख्यमन्त्री गुरुङको आग्रह छ ।

केन्द्रको सरकारविरुद्ध अविश्वास प्रस्ताव पेस गर्न नसकेको अवस्थामा राम्रो काम गर्दै आएको प्रदेश सरकारविरुद्ध यस्तो प्रस्ताव आउनु दुखदायी हो ।  'काग्रेस त प्रमुख प्रतिपक्षी पार्टी हो, विरोध गर्नु उसको धर्म नै हो, माओवादीले मुख्यमन्त्री पाउने त होइन, मन्त्री हामीले नै दिएका थियौं, आखिर यो सरकार गिराउनुपर्ने अवस्थामा माओवादी किन आयो ?' मुख्यमन्त्री को प्रश्नको उत्तर जनतालाई दिनुपर्छ । मुख्यमन्त्री पदबाट पृथ्वीसुब्बा हट्नु र अर्को सरकार बन्दा त्यति असर नपरे पनि संघीय शासन प्रणालीलाई यसले ठूलो असर पार्नेछ । संघीयताको जननी दावी गर्ने प्रचण्ड, बाबुराम, उपेन्द्र यादव र काङ्ग्रेस नेताहरू संघीयता चाहिँदैन, प्रदेश खारेजीको माग गर्ने जनमोर्चाका चित्रबहादुर केसीका पछि लाग्नको कारण प्रस्ट पार्नु जरुरी छ ।

# खोलामा पौडी खेल्ने क्रममा दुईको मृत्यु

**पोखरापत्र संवाददाता**
**लमजुङ, २ बैशाख**

गण्डकी प्रदेशअन्तर्गत पहाडी जिल्ला लमजुङको मर्स्याङ्दी गाउँपालिका-३ थाकनस्थित हाँगोखोलामा पौडी खेल्ने क्रममा डुबेका दुई जनाको मृत्यु भएको छ ।

घरबाट घाँस काट्न गएको र गर्मी भएपछि उक्त खोलामा बुधबार साँझ पौडी खेल्ने क्रममा खोलामा डुबेर १६ वर्षीया सिर्जना परियार र १३ वर्षीया नमूना परियारको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय लमजुङका प्रहरी निरीक्षक ओमप्रकाश पुनले बताउनुभयो । उनीहरूलाई पौडी खेल्न नआएको र खोला आठ फिट गहिरो भएका कारण मृत्यु भएको प्रहरीले जनाएको छ । मृतक दुई किशोरीसँगै अन्य दुई जना साथी पनि घाँस काट्नसँगै गएका थिए । सोमध्ये १४ वर्षीया मुस्कान परियार पनि पौडी खेलेको र मुस्कान पनि खोलामा डुब्न लागेपछि पौडी नखेलेका एक जना साथीले लौरीको सहायताले सकुशल उद्धार गरेको प्रहरीले जनाएको छ ।

प्रहरीका अनुसार उनीहरू सिर्जना महेन्द्रदेव माविमा ८ कक्षा र नमूना विनायक आधारभूत विद्यालयको ४ कक्षाका विद्यार्थी हुन् । दुवैको शव बेँसीशहर नगरपालिका-८ स्थित जिल्ला अस्पताल लमजुङमा परीक्षणका लागि ल्याइएको छ । आज बिहान १०/११ बजेतिर परीक्षण गरेपछि परिवारलाई बुझाइने प्रहरी निरीक्षक पुनको भनाइ छ ।

# बागलुङका ३० वनमा आगलागी

**पोखरापत्र संवाददाता**
**बागलुङ, २ बैशाख**

गर्मीयाम शुरु भएसँगै दैनिकजसो आगलागीका घटना भइरहेका छन् ।

पछिल्लो समय बागलुङमा ३० वटा वनमा आगलागी भएको छ । विभिन्न वन तथा घर गोठमा आगलागी हुँदा लाखौँको क्षति भएको छ । जिल्ला डिभिजन वन कार्यालयका अनुसार जिल्लाका ३० सामुदायिक वनको ३३० हेक्टर क्षेत्रफलमा आगलागी भएको छ । ढोरपाटन शिकार आरक्षका बुँकी क्षेत्र, गलकोटको घुम्टे, रेश सिगानाको बुछुङ सल्लेरी सामुदायिक वन, मालिका सामुदायिक वनसहितमा आगलागी भएको सो कार्यालयका सहायक वनअधिकृत मदन कँडेलले जानकारी दिनुभयो । लामो समयको खडेरी र मानवीय लापरवाहीका कारण वर्षेनी आगलागीका घटना हुने गरेको उहाँको भनाइ छ ।

जिल्लामा सबैभन्दा बढी काठेखोलाको धम्जा, गलकोट र बरेङ गाउँपालिकाको जङ्गलमा आगलागी भएको सहायक वनअधिकृत कँडेलले बताउनुभयो । "लामो समयदेखि खडेरी परेको छ, खेडरीले गर्दा सबै पातपतिङ्गर र काठजन्य वस्तु सुकेका हुन्छन्, थोरै सर्तकता नअपनाउँदा आगलागी भइहाल्छ, यस्तो समयमा निकै संयमता अपनाउनुपर्छ", उहाँले भन्नुभयो, "स्थानीयवासी सचेत नभएसम्म आगलागीका घटना भइरहन्छ ।"

नेपालमा डढेलो ९५ प्रतिशत मानवीय कारणले लाग्ने गरेको पाइएको छ । बागलुङमा अन्य कारणभन्दा मानवीय लापरवाहीका कारणले गर्दा आगलागीका घटना हुने गरेको सहायक वन अधिकृत कँडेलले बताउनुभयो । आगलागीको घटना न्यूनीकरणका लागि कार्यालयले समुदायमा जनचेतनामूलक कार्यक्रम गर्दै आएको उहाँको भनाइ छ । चालू आर्थिक वर्षको हालसम्म आगलागीबाट रु एक करोड ८७ लाख ६३ हजार ५०० बराबरको क्षति भएको जिल्ला प्रहरी कार्यालय बागलुङले जनाएको छ ।

जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी इकबाल हवारीका अनुसार आठ महिनाको अवधिमा आगलागीमा परी तीन जना घाइते, २९ चौपायाको मृत्यु र १८ चौपाया घाइते भएका छन् । त्यस्तै १९ घर र १५ गोठ पूर्णरूपमा जलेर नष्ट भएको जनाइएको छ ।

# भारतमा संक्रमितको संख्या एक करोड ४० लाख नाघ्यो

**रासस**
**काठमाडौं, २ बैशाख**

भारतमा गत २४ घण्टामा थप दुई लाखभन्दा बढी व्यक्तिमा कोरोना भाइरसको सङ्क्रमण देखिएपछि कूल सङ्क्रमितको संख्या एक करोड ४० लाख ७४ हजारभन्दा बढी पुगेको भारतको केन्द्रिय स्वास्थ्य मन्त्रालयले बिहीबार जानकारी दिएको छ ।

भारतमा कोरोना भाइरस सङ्क्रमणको माहामारी शुरु भएयता एक दिनमा दुई लाखभन्दा बढी सङ्क्रमित हुनु बुधबार पहिलो पटक भएको समाचारमा जनाइएको छ । यसअघि मङ्गलबार एक दिनमा एक लाख ८४ हजारभन्दा बढी व्यक्ति सङ्क्रमित भएका जनाइएको थियो । कोरोना सङ्क्रमणबाट बुधबार एकैदिनमा एक हजार ३८ जनाको मृत्यु भएपछि यस प्रकोपबाट मृत्यु हुने व्यक्तिको सख्या एक लाख ७३ हजार नाघेको छ ।

पछिल्लो केहीदिनदेखि भारतमा दैनिक एक लाखभन्दा बढी सङ्क्रमित हुदै आएका थिए भने बुधबार एकैदिनमा दुई लाखभन्दा बढी सङ्क्रमित भएका हुन् । यो तथ्याङ्कले भारतमा नयाँ सङ्क्रमितको सख्या दैनिकरुपमा बढ्दै गएको देखाएको छ । भारतमा गत जनवरी १६ बाट कोरोनाविरुद्ध खोपको शुरुवात भएको थियो । सो समयदेखि हालसम्म १० करोड ५० लाखभन्दा बढी व्यक्तिहरु खोप लगाइसकेका छन् ।

# सहकारी समृद्धिको मुख्य आधार–उपसभामुख शर्मा

**पोखरापत्र संवाददाता**
**पोखरा, २ बैशाख**




गण्डकी प्रदेशका उपसभामुख सृर्जना शर्माले सहकारी समृद्धिको मुख्य आधार भएको बताउनु भएको छ ।

पोखरा महानगरपालिका वडा नं. १७ घारीपाटनस्थित सफल बचत तथा ऋण सहकारी सस्था लि.द्धारा आयोजित नव बर्षको शुभकामना आदान प्रदान एवम् भित्तेपात्रो लोकार्पण कार्यक्रममा उहाँले सहकारी उत्पादनसंग जोडिनुको विकल्प नरहेको बताउनुभयो ।

मानव अस्तित्वलाई नै संकटमा पार्ने गरि विश्व व्यापीरुपमा फैलिएको कोरोना भाइरस (कोभिड–१९) रोकथामका लागि सामुहिक प्रयास आवश्यक रहने बताउँदै उहाँले आफ्ना कृयाकलाप सञ्चालन गर्दा स्वास्थ्य मापदण्ड अप्नाउनु पर्नेमा जोड दिनुभयो ।

पोखरा महानगरपालिका सहकारी व्यवस्थापन समितिका संयोजक तेजनारायण अधिकारीले सहकारीले पैसा खरिद बिक्री नभई उत्पादित बस्तु बजारमा बिक्री गेरर आयआर्जनतर्फ लाग्नु पर्ने आवश्यकता औल्याउनुभयो ।

संस्थाका अध्यक्ष बासुदेव पौडेलको अध्यक्षतामा भएको कार्यक्रममा संस्थाका संस्थापक अध्यक्ष अनिल शाही, सल्लाहकार प्रभा पन्त, संस्थाका निवर्तमान अध्यक्ष हरिप्रसाद बाँस्तोाल, कोषाध्यक्ष धनबहादुर रानाभाट, सचिव गणेश श्रेष्ठ लगायतले सहकारीको महत्व माथि प्रकाश पार्नुभएको थियो ।

# भानुभक्त प्राणी उद्यानमा १६ प्रजातिका चरा फेला

**पोखरापत्र संवाददाता**
**दमौली, २ बैशाख**

तनहुँको व्यास नगरपालिका-१२ छिर्केनेस्थित भानुभक्त प्राणी उद्यानमा १६ प्रजातिका चराचुरुङ्गी फेला परेका छन् । वन्यजन्तु सप्ताहको अवसरमा बुधबार प्राणी उद्यानभित्र पर्ने जङ्गलमा १६ प्रजातिका चरा फेला परेका हुन् ।

त्यसक्रममा थप चार प्रजातिका चराहरूको आवाज पहिचान गरिएको प्राणी उद्यानका संरक्षण अधिकृत रुपक महर्जनले जानकारी दिनुभयो । पहिचान भएका चराहरूको फोटोसहित रेकर्ड राखिएको छ । गत वर्ष हिउँदको समयमा यसै क्षेत्रमा १४१ प्रजातिका चराहरू रेकर्ड गरिएको थियो । "गर्मी समयमा पाइने विभिन्न चराहरूको अवलोकन गरी तिनको तथ्याङ्क राखेका छौँ", महर्जनले भन्नुभयो ।

चरा अवलोकन कार्यलाई चराविज्ञ टेकबहादुर घर्ती र रेञ्जर लव गुरागाईंले सहजीकरण गर्नुभएको थियो । चरा अवलोकन कार्यमा जिल्ला समन्वय समितिका प्रमुख शान्तिरमण वाग्ले, प्रमुख जिल्ला अधिकारी सागर आचार्य, प्रहरी उपरीक्षक अरुण पौडेललगायतको सहभागिता थियो ।

नेपालका विभिन्न स्थानमा पाइने वन्यजन्तुको प्रतिनिधिमूलक वनका रूपमा संरक्षण गर्ने, मध्यपहाडी वन क्षेत्रका घाइते तथा टुहुरा वन्यजन्तुको उद्धार गरी संरक्षण एवं संवर्द्धन गर्ने, वंशाणुगत विविधता संरक्षण गर्ने, प्रयोगशाला अध्ययन, अनुसन्धान प्रवर्द्धन गर्दै संरक्षित क्षेत्रमा वन्यजन्तुको वैज्ञानिक व्यवस्थापनमा विकास गर्ने लगायतका उद्देश्य राखेर सरकारले भानुभक्त प्राणी उद्यानको कामलाई अगाडि बढाएको छ । भानुभक्त प्राणी उद्यानले १३ वन क्षेत्रलाई समावेश गरेको छ । प्राणी उद्यान क्षेत्रभित्र पर्ने आठ सामुदायिक वन र पाँच कबुलियती वन गरी १३ वन क्षेत्र समावेश गरिएको छ ।

'वन्यजन्तु संरक्षणमा समन्वय, सहकार्य र सहअस्तित्व' भन्ने मूलनाराका साथ बुधबारदेखि वन्यजन्तु सप्ताह शुरु भएको छ । वन्यजन्तु सप्ताहका अवसरमा चरा अवलोकन र संरक्षित क्षेत्रका सरोकारवाला निकायबीच अन्तरक्रिया गरिएको छ ।

जिल्ला समन्वय समितिका प्रमुख वाग्लेले मानव वन्यजन्तु द्वन्द्व न्यूनीकरण र व्यवस्थापन, पर्यापर्यटन विकास गरी स्थानीय जनताहरूको आर्थिक विकासका लागि भानुभक्त प्राणी उद्यान आकर्षणको केन्द्र हुने बताउनुभयो । उहाँले यसको स्थापना, सञ्चालन र व्यवस्थापनका लागि सबै तहबाट सहयोग हुनुपर्ने बताउनुभयो ।

प्रमुख जिल्ला अधिकारी सागर आचार्यले वन र वन्यजन्तु संरक्षणका लागि सरोकारवाला सबै निकायबीच समन्वय र सहकार्य भएमा सफलता प्राप्त गर्न सकिने बताउनुभयो ।

# अमेरिकाले सेप्टेम्बर ११ अगावै अफगानिस्तानबाट आफ्ना सेना फिर्ता गर्ने

**रासस**
**काठमाडौं, २ बैशाख**

अमेरिकी राष्ट्रपति जो बाइडेनले अमेरिकाले आगामी सेप्टेम्बर महिनाको ११ तारिखसम्ममा अमेरिकाले अफगानिस्तानमा रहेका आफ्ना सैनिक फिर्ता ल्याउने बताउनुभएको छ ।

अफगानिस्तानलाई सहयोग जारी राख्ने वाचा भने उहाँले गर्नुभएको बताइएको छ । यो सँगै उहाँले अफगानिस्तानमा रहेको अमेरिकाको सबैभन्दा लामो समयको युद्धको अन्त्यको घोषणा पनि गर्नुभएको बताइएको छ ।

बुधबार ह्वाइट हाउसमा अमेरिकी राष्ट्रपति जो बाइडेनले भन्नुभयो, हामीले अब अफगानिस्तानमा जारी रहेको युद्धको अन्त्यको घोषणा गरिसकेका छौँ, त्यहाँ रहेका अमेरिकी सेना हामीले फिर्ता गर्ने भएका छौँ ।

त्यस सम्बोधनका क्रममा उहाँले यही मे १ तारिखदेखि नै अमेरिकी फौज फिर्ता गर्ने प्रक्रिया शुरु हुने पनि उहाँले बताउनुभएको थियो ।

समाचारमा जनाइएअनुसार सन् २००१ मा अमेरिकी हवाई हमला घोषणा गरिएको ह्वाइट हाउसको कक्षबाट उहाँले सो कुराको घोषणा बुधबार गर्नुभएको हो ।

उहाँले भन्नुभएको थियो, यो अमेरिकाको सबैभन्दा लामो युद्ध अन्त्य गर्ने बेला हो र यसै अनुसारको निर्णय हामीले अब गरिसकेका छौँ । अमेरिकाका अधिकारीका अनुसार सन् २००१ को सेप्टेम्बर ११ मा अमेरिकाको वर्ल्ड ट्रेड सेन्टरमा भएको आतंकवादी हमलाको २०औँ वार्षिकी पारेर सैनिकलाई फिर्ता ल्याउन लागिएको हो ।


**तपाईको आज**

| | | | |
|---|---|---|---|
| मेष | : मन चञ्चल | तुला | : शत्रुको भय |
| वृष | : सहयोग मिल्नेछ | वृश्चिक | : आर्थिक समस्या |
| मिथुन | : सम्मान मिल्नेछ | धनु | : झमेला बढ्ने |
| कर्कट | : मानसिक तनाब | मकर | : सत्कार मिल्नेछ |
| सिंह | : अप्रत्यसित लाभ | कुम्भ | : शारिरीक झमेला |
| कन्या | : ब्यापारमा लाभ | मीन | : कार्यमा सफलता |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस् ।

**घर जग्गा खरिद बिक्री**
तुरुन्त घर जग्गा खरिद बिक्री गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।
सम्पर्क :
९८५६०२०९४९
९८०२८५८००५

**बडा मजाको आयुर्वेदिक**
१. मोटोपन घटाउन/ बढाउन
२. यौन शक्ति बढाउन/शीघ्र स्खलन रोक्न
३. पेटको सेतो धर्सा हटाउन, योनी टाईट गर्न
४. स्तन घटाउन/ बढाउन/टाइट गर्न
५. कपाल झर्न रोकी पुनः उम्रान
६. अनुहारको चायाँ, पोतो, डण्डिफोर हटाउन
७. जाँडरक्सी चुरोटको कुलत छुटाउन-
८. शरीरको हाइट बढाउन
९. लेडिज/ जेन्स सेक्स टोय पनि पाइन्छ ।
सम्पर्कः सिर्जनाचोक, पोखरा
मो. ९८४८७०५९४८, ९८४३६०८५१३

**कोठाहरु तथा फ्ल्याट भाडामा**
अफिस तथा निवास प्रयोजनको लागि उपयुक्त फ्ल्याट र कोठाहरु भाडामा छ ।
स्थानः
भैरव टोल- २, पोखरा
सम्पर्कः ९८८०३०१२९३
९८८०३०१२९२

**सटर भाडामा**
पोखरा-१० औद्योगिक क्षेत्रमा अफिस तथा व्यवसायको लागि उपयुक्त सटर भाडामा छ ।
सम्पर्कः
९८४६००२०९५

**सुपथ मूल्यमा आकर्षक छपाइ**




पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर, पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. –५२०६५१

# कुमुदिनी होम्सद्धारा सामुदायिक विद्यालयका विद्यार्थीलाई चस्मा सहयोग

**पोखरापत्र संवाददाता**
**पोखरा, २ बैशाख**



पोखराको गैह्रापाटनमा रहेको कुमुदिनीहोम्स माविले कास्कीका दुई सामुदायिक बिद्यालयका बिद्यार्थीहरुलाई निशुल्क चस्मा सहयोग हस्तान्तरण गरेको छ ।

कास्कीको भुर्जुङखोलामा रहेको हिमालयन आधारभुत बिद्यालय र खादरजुङमा रहेको वाराही आधारभुत विद्यालयलाई होम्सले बिहीबार बिद्यालयमै आयोजित एक समारोहका बिच उत्त सहयोग गरेको हो ।

केही समय अघि दुई वटा बिद्यालयका ६५ जना बिद्यालयमा आँखा परिक्षण गर्दा ११ जनामा आँखा सम्बन्धि केही समस्या आएकोले आँखा चिकित्सकको सल्लाहा अनुसार चस्मा लगाउनु पर्ने भएकोले उनीहरुलाई चस्मा उपलब्ध गराएको कुमुदीनि होम्स माविका संस्थापक असोक पालिखेले बताए। वाराहीका ७ र हिमालयनका ४ जना बिद्यार्थीहरुलाई विहिबार चस्मा वितरण गरीएको हो ।

लोटस फाउण्डेसन जर्मनीको सहयोगमा आँखा रोग बिषेशज्ञ डा.सोभित पौडल, नेत्र सहायक अनुप कुमार सिंहको प्राविधिक सहयोगमा उक्त कार्यक्रम सफल भएको पालिखेले जनाए ।

हिमालयनका प्रधानाध्यापक माधव गौतम र वाराहीका प्रधानाध्यापक राम प्रसाद आचार्य, बिद्यार्थीका आफन्त लगायतको सहभागिता रहेको संस्थापक अध्यक्ष पालिखेले जनाए । हिमालयनमा हाल ३० र वाराहीमा ३७ जना बिद्यार्थीहरु अध्ययनरत रहेको उनले जनाए ।

बिद्यालयले आफ्नो सामाजिक उत्तरदाहित्व अर्न्तगत विगतका बर्ष देखि सामुदायिक बिद्यालयको शैक्षिक विकासको लागि विभिन्न प्रकारको सहयोग गर्दै आएको संस्थापक पालिखेले बताए ।

# नागढुङ्गा विकास समाजद्वारा कौशी कृषकलाई सम्मान

**पोखरापत्र संवाददाता**
**पोखरा, २ बैशाख**

पोखरा म.न.पा. वडा नं. ८ स्थित नागढुङ्गा विकास समाजले नववर्ष २०७८ को उपलक्ष्यमा एक कार्यक्रम आयोजना गरी नववर्षको शुभकामना आदानप्रदान, क्यालेण्डर विमोचन तथा उत्कृष्ठ कौशी कृषकलाई सम्मान गरेको छ।

कार्यक्रममा प्रमुख अतिथि रुद्रनाथ बरालले नागढुङ्गा विकास समाजले उदाहरणीय काम गरेको बताउँदै कौशीखेती प्रवर्द्धन, सि.सि.क्यामरा जडान, सरसफाई, सचेतना जस्ता कार्यक्रम मार्फत वडा कै प्रतिष्ठा बढाएको धारणा राख्नुभयो । विशेष अतिथिसशस्त्र प्रहरी बरिष्ठ उपरीक्षक कृष्ण ढकालले विगत ९ वर्षदेखि समाज सुधारको क्षेत्रमा लागिपरेको बताउनुभयो । वडा सदस्य लक्ष्मी कौशलले नागढुङ्गा विकास समाजले विकास निर्माण र समाज सुधारको क्षेत्रमा उल्लेख्य काम गरेको बताउनुभयो।



व्यानरमा हस्ताक्षर गरी प्रारम्भ भएको कार्यक्रममा प्रमुख अतिथि लगायत विशेष अतिथिले संयुक्त रुपमा क्यालेण्डर विमोचन गरी कार्यक्रमको गद्घाटन गर्नुभएको थियो।

कार्यक्रममा समाज सम्बद्ध १५ जना उत्कृष्ठ कौशी कृषकलाई सम्मान सहित ५।५ किलो अर्गानिक मल पुरस्कार प्रदान गरिएको थियो । यसअघि केशवराज ढकाल संयोजक रहेको कौशीखेती अनुगमन तथा मूल्यांकन उपसमिति गरिएको थियो । कार्यक्रममा सशस्त्र प्रहरी सेवामा बरिष्ठ प्रहरी उपरीक्षकमा बढुवा हुनुभएका स्थानीय कृष्ण ढकाल, अर्थ संकलन उपसमिति संयोजक दुर्गा गुरुङ र कौशी खेती अनुगमन संयोजक सम्मान गरियो। यसैगरी श्रीयान फार्मेसीका दिलिप पोखरेललाई आजीवन सदस्यताको प्रमाणपत्र प्रदान गरिएको थियो । यस अतिरिक्त क्यालेण्डर प्रायोजकलाई समेत खादाबाट सम्मान गरिएको थियो । कार्यक्रममा नागवेली टोल विकास संस्थाकी अध्यक्ष शारदा गिरीले शुभकामना मन्तव्य राख्नुभएको थियो भने उपाध्यक्ष नन्दप्रसाद बरालले स्वागत मन्तव्य राख्नुभएको थयिो । कार्यक्रमको संचालन सचिव गुरुप्रसाद शर्माले गर्नुभएको थियो। कार्यक्रममा धन्यवाद मन्तव्य राख्दै कानुनी सल्लाहकार भीमनाथ बरालले सामाजिक ऐक्यवद्धता, पारदर्शीता, विकास निर्माण, स्थानीय सहभागिता, सम्बद्ध कार्यालयसँगको आवद्धता तथा सहयोग, सचेतना जस्ता विषयमा अनुकरणीय काम गर्दै समाज सुधारको क्षेत्रमा आफ्नो मूल्य स्थापित गर्न प्रयत्नशील रहेको बताउनुभयो । अन्त्यमा संस्थाका अध्यक्ष डम्मरराज सुवेदीले मन्तव्य राख्दै नागढुङ्गा विकास समाजको भावना अनुसार अघि बढ्न प्रतिबद्ध रहेको र यसमा सदैव समाजका सदस्यको साथ रहने अपेक्षा रहेको बताउनुभयो। साथै आर्थिक पारदर्शीता कायम गर्दै उपलब्ध सहयोगको उचित परिचालन गरिने प्रद्धिता व्यक्त गर्दै सम्बद्ध सबैलाई धन्यवाद दिनुभएको थियो।

# सामाजिक बहिस्करणको त्रासले लुकाइन्छ कुपोषण

**पोखरापत्र संवाददाता**
**बागलुङ, २ बैशाख**

धौलागिरि अस्पताल परिसरमा रहेको पोषण सुधारगृहमा दुई सातायता पाँच बालबालिकाले कुपोषणको उपचार गराइरहेका छन्। पोषण पुनःस्थापनाका लागि भर्ना भएका बालबालिकामध्ये चार जना मात्रै पोषणगृहको शय्यामा बस्छन्।

बागलुङ बजारकै एक सम्पन्न परिवारका चार वर्षका बालक पनि कुपोषणको शिकार छन्। उनलाई पोषण पुनःस्थापनाका लागि अस्पतालमा रहेको पोषण पुनःस्थापना गृहमा भर्ना त गरिएको छ तर शय्यामा राखेर बस्न उनको परिवार तयार छैन । बच्चामा कुपोषणको समस्या रहेको छिमेकीले जानकारी पाउँछन् भन्ने परिवारलाई लागेर उनको उपचार पोषणगृहको सल्लाहमा घरमै हुन्छ। "समयमा यहाँ आएर हामीले तयार गरेको खाना लिएर जानुहुन्छ, भर्ना भएर बस्न मान्नुभएन", पोषण सुधारगृहका पोषण प्रबन्धक निशान्त आचार्यले भन्नुभयो, "कुपोषणजस्तो समस्यामा पनि सामाजिक बहिस्करणको त्रास छ ।" पोषणगृहमै आएका अर्का चार वर्षे बालककी आमा पनि भर्ना भएर बच्चाको पोषणमा सुधारका लागि तयार हुनुहुन्न । "घरमा अरु दुई बच्चा छन्, बूढाले काम गर्नुभएन भने छाक टर्दैन", उहाँले पोषण प्रबन्धकसँग भन्नुभयो, "औषधि दिनुस् घरमै गएर उपचार गर्छु ।" कुपोषण आफैँमा रोग होइन तर कुपोषणका कारण अन्य रोगको शिकार बालबालिका हुन सक्छन् । चेतनाको अभाव र सामाजिक बहिस्करणका कारण अहिले पनि बालबालिकामा हुने कुपोषणको उपचारमा अभिभावक तयार नरहेको उल्लिखित उदाहरणले देखाउँछ । "हामीले बच्चा र अभिभावकलाई निःशुल्क खाना खुवाएर कुपोषणको पुनःस्थापना गर्छौं", आचार्य भन्नुहुन्छ, "अझै कुपोषणको विषयमा चेतनाको अभाव रहेछ भन्ने देखिन्छ।" पोषणगृहले चालु आर्थिक वर्षको चैत मसान्तसम्म ७० बालबालिकालाई भर्ना गरेर पुनःस्थापना गरेको छ। गृहमा आउने बालबालिकामध्ये बालकको सङ्ख्या धेरै छ। उनन्चालीस बालक र ३१ बालिकाको पोषण पुनःस्थापना गरिएको प्रबन्धक आचार्यले बताउनुभयो । तीमध्ये पाँच जना अहिले पनि पुनःस्थापनाको क्रममा छन्। "कोरोना महामारीको समयमा अन्य समयमा भन्दा कुपोषित बालबालिकाले सुसार पाए", आचार्य भन्नुहुन्छ, "लकडाउनका कारण अभिभावक घरमा रहँदा बालबालिकाले समयमा खाना पाए ।" परिवारले समय नदिएकै कारण अधिकांश बालबालिकामा पोषणसम्बन्धी समस्या हुने गरेको पोषण पुनःस्थापना गृहको अनुभव छ। "बच्चालाई दिनमा चार पटक पोषणयुक्त खानाको आवश्यकता पर्छ तर त्यसअनुसार अभिभावकले ख्याल नगरेका बालबालिका धेरै पीडित रहेको पाइन्छ", उहाँले भन्नुभयो, "खानाको तालिका बनाएर ध्यान दिनसके कुपोषणको समस्या आउँदैन ।" सुकेनास र फुकेनास दुवै किसिमका कुपोषित बालबालिकाको सङ्ख्या बढ्दै गएको उहाँले सुनाउनुभयो । बागलुङमा बजारीकरण भएका क्षेत्र र ग्रामीण तहसम्म बालबालिकामा विभिन्न खालको कुपोषणको समस्या वृद्धि भएको उहाँको अनुभव छ।

# म्याग्दी र मुस्ताङ जोड्ने नयाँ पदमार्ग

**पोखरापत्र संवाददाता**
**म्याग्दी, २ बैशाख**

यहाँबाट धौलागिरि हिमालको आधार शिविर हुँदै मुस्ताङ पुग्न सकिने नयाँ पदमार्ग पहिचान भएको छ। बेनी-जोमसोम सडक सञ्चालन भएपछि विस्थापित भएको म्याग्दी-मुस्ताङ जोड्ने पुरानो पदमार्गको विकल्पमा धौलागिरि आइसफल पदमार्ग सञ्चालनको तयारी भएको हो।

संसारको सातौँ अग्लो अर्थात् आठ हजार १६७ मिटर अग्लो धौलागिरि हिमालको आधार हुँदै मुस्ताङको लेते पुग्न सकिने धौलागिरि आइसफल पदमार्गमा पूर्वाधार निर्माण गरेर पर्यटक भित्र्याउन पहल थालिएको छ । म्याग्दीको रघुगङ्गा गाउँपालिकाका अध्यक्ष भवबहादुर भण्डारीले आधार भूतस्तरको पूर्वाधार निर्माणसँगै पर्यटक भित्र्याउन सम्भाव्यता अध्ययन गरिएको बताउनुभयो। "रघुगङ्गाको अधिकांश वडालाई समेटेको यस पदमार्गलाई औपचारिक र व्यवस्थित रूपमा सञ्चालनमा ल्याउन विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) तयार पारेर पैदलमार्ग बनाइरहेका छौँ", उहाँले भन्नुभयो, "पर्यटन मन्त्रालयबाट प्राप्त रु २५ लाख बजेटबाट चिमखोलाका बासिन्दा जङ्गलको ओढारमा बास बसेर पदमार्ग बनाएका छन्।"

कुइने मङ्गलेको छहरीबाट आधार शिविर क्षेत्रको अक्करे भीरमा पहाड खन्ने, जङ्गल र पाखामा ढुङ्गाको सिँढी चिनेर पदमार्ग निर्माण गरिएको हो । ट्रेकिङ व्यवसायी एशोसियशन (टान) र तत्कालीन जिल्ला विकास समिति म्याग्दीको अगुवाइमा २०६८ मा भगवतीबाट लेते जोड्ने धौलागिरि आइसफल पदमार्ग पहिचान भएको थियो । पर्यटन मन्त्रालय, पर्यटन कार्यालय पोखरालगायत निकायबाट विनियोजन भएको बजेटबाट भगवतीको रुइसेक्षेत्र, पछेत्राधुरी, सोबाङधुरी, लोसेधुरी, दहबुकी, फेदी, सुगुरथला हुँदै ससलधारा क्षेत्रसम्म पदमार्गको ट्र्याक निर्माण गरिएको पदमार्ग निर्माण समितिका अध्यक्ष ध्रुवकुमार पाइजाले बताउनुभयो । सातदेखि दश दिनमा यसको भ्रमण गर्न सकिन्छ । धौलागिरि हिमालबाट हिउँ खसेको नजिकैबाट हेर्न सकिने भएकाले यसलाई आइसफल पदमार्ग नामाकरण गरिएको हो । म्याग्दी र मुस्ताङ जोड्ने पुरानो पैदलमार्ग बेनी-जोमसोम सडक सञ्चालन भएसँगै विस्थापित बनेको थियो । त्यसको विकल्पमा नयाँ पदमार्ग विकास गर्न थालिएको हो।

धौलागिरि र अन्नपूर्ण रेञ्जका दर्जनौँ हिमाललाई नजिकबाट अवलोकन गर्न सकिने यस पदमार्गमा डाँफे, मुनाल, कालीज, कस्तुरी, झारल, नाउर, घोरल, थार, रतुवा, हिमचितुवालगायत जङ्गली पशुपक्षी र तीनको बासस्थान यस पदमार्गका आकर्षण हुन्। धौलागिरि आइसफल पदमार्ग सञ्चालन भएमा स्थानीयवासीको आयआर्जन वृद्धी, रोजगारी सिर्जना, जीवनस्तरमा सुधारका साथै राष्ट्रिय अर्थतन्त्रमा योगदान पुग्ने रघुगङ्गा गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत अमृत सुवेदीले बताउनुभयो । पदमार्गमा आधारभूत पूर्वाधारसँगै खानेबस्ने सुविधाका लागि निजी क्षेत्रको लगानी भित्र्याउन र प्रवर्द्धनात्मक गतिविधिमा जोड दिएको उहाँले बताउनुभयो।

यसैगरी म्याग्दी उद्योग वाणिज्य सङ्घले रघुगङ्गा र मङ्गला गाउँपालिकाको सिमानामा रहेको टोड्केदेखि रघुगङ्गाको झिँ-पाखापानी-रायखोर-घ्याँसीखर्क हुँदै धौलागिरि हिमालको आधार शिविर जोड्ने अर्को पदमार्ग समेत पहिचान गरेर नक्शा तयार पारेको छ। गाउँपालिकाले दुबै पदमार्ग सञ्चालन गरेर पर्यटक भित्र्याउने तयारीमा जुटेको छ।

पदमार्गको प्रचारप्रसारका लागि चालू आर्थिक वर्षमा रुइसेमा महोत्सव सञ्चालन गर्न बजेटसमेत विनियोजन गरेको छ । पदमार्गको अध्ययनका लागि आधार शिविर पुगेर फर्किएका पूर्व महिला बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री एवं प्रतिनिधिसभा सदस्य थपमाया थापाले म्याग्दी र मुस्ताङलाई जोड्ने वैकल्पिक पदमार्गको रूपमा धौलागिरि आइसफल पदमार्गलाई विकास गर्न लागिएको बताउनुभयो । "यस पदमार्गको अत्यन्तै सम्भावना रहेछ, केही ठाउँमा अझै पदमार्ग बनाउन बाँकी नै रहेको पाइयो, पदमार्ग, आवासगृहलगायत पर्यटन पूर्वाधार निर्माण गर्न सङ्घीय सरकारमार्फत आवश्यक पहल गर्छु", पूर्वमन्त्री थापाले भन्नुभयो।

# मनाङ जिल्ला अस्पतालमा उपकरण छ, जनशक्ति छैन

**पोखरापत्र संवाददाता**
**मनाङ, २ बैशाख**

कोरोना महामारीसँगै स्वस्थ्य सुरक्षाका लागि उपकरण उपलब्ध गराइएको छ।

जिल्लाको एक मात्र अस्पताल कहिले उपकरणको अभाव त कहिले जनशक्तिको अभाव थेग्दै आएको छ । हाल यस अस्पतालमा भेन्टिलेटर उपलब्ध भए पनि जनशक्ति नहुँदा सञ्चालनमा आउन सकेको छैन । विसं २०७७ असारमा प्रदेश सरकारले यस अस्पताललाई दुईवटा भेन्टिलेटर उपलब्ध गराएको थियो । अस्पतालमा भेन्टिलेटर छ, तर चलाउने जनशक्ति नहुँदा उक्त सेवा सञ्चालनमा आउन सकेको छैन। अस्पतालमा कोरोना भाइरस रोकथाम तथा नियन्त्रणका लागि १० महिनाअघि भेन्टिलेटर पुगेको हो । कुनै पनि बिरामीको अवस्था जटिल बनेको समयमा भेन्टिलेटरको आवश्यकता पर्ने भन्दै १० महिनाअघि नै यस अस्पतालमा भेन्टिलेटर ल्याइएको थियो । मनाङमा दुई मात्र चिकित्सक डा प्रतिभा गौली र डा सन्तोष अधिकारी कार्यरत छन्। "कोभिडका बिरामीका लागि उपचार गराउन भेन्टिलेटरका सबै सामग्री छन्, तर जडान गरिएको छैन", डा अधिकारीले भन्नुभयो, "भेन्टिलेटरसम्बन्धी तालिमप्राप्त चिकित्सक भए सहज हुन्थ्यो, जनशक्ति अभावले सेवा प्रवाहमा समस्या भएको छ।" त्यस्तै डा प्रतिभा गौलीका अनुसार प्रदेश सरकार मताहातमा झन्डै रु २० करोडको लागतमा जिल्ला अस्पताल निर्माण हुँदै गरेको छ भने डा सन्तोषको अवधि सकिएर जानुभएको छ । भएका जनशक्तिको अवधि सकिनु उपकरण सञ्चालन नहुनु दुर्गमको समस्या रहेको उहाँको भनाइ छ।

भेन्टिलेटरको आवश्यकता त्यतिबेला पर्छ, जब बिरामीको अवस्था गम्भीर हुन्छ । यसलाई नियन्त्रण गर्न लाइफ सपोर्ट सिस्टम वा भेन्टिलेटरको सहयोग लिने गरिन्छ । डा अधिकारीका अनुसार भेन्टिलेटर बिरामीलाई निको पार्न र जिउँदो राख्नका लागि प्रयोग गरिन्छ। अस्पतालमा भेन्टिलेटरसहित दुई शय्याको आइसीयू निर्माणका लागि सामान खरिद गरिएको छ । जनशक्ति अभाव भएकाले उक्त सेवा सञ्चालन गर्न नसकिएको मनाङ जिल्ला अस्पतालका जनस्वास्थ्य निरीक्षक रहमत अन्सारीले बताउनुभयो। उहाँका अनुसार हाल जिल्ला अस्पतालमा जम्मा पाँच कर्मचारी कार्यरत छन् । सिनियर अहेब प्रमुख अन्सारी, डा प्रतिभा गौली, डा सन्तोष अधिकारी, नर्स बिना पौडेल र ल्याबमा करारका कर्मचारी प्रकाश रोका छन्।

दुई चिकित्सकको दरबन्दी भए पनि मनाङ जिल्ला अस्पतालमा दरबन्दीका चिकित्सक एक जना मात्र छन्। डा सन्तोष अधिकारी पनि करारका कर्मचारी हुनुहुन्छ। जिल्ला अस्पतालले हालसम्म धेरै बिरामीको चाप थेग्नु नपरे पनि कुन समयमा के पर्छ त्यसको तयारी हुनु जरुरी छ। यस्तै तीतो अनुभव डा सन्तोष अधिकारीको छ। विश्वभर फैलँदै गएको कोरोना महामारीले जिल्ला स्वस्थ्य प्रमुख नै सङ्क्रमित भएपछि अस्पताल नै बन्द गर्नुपरेको थियो । जिल्लामा भएको एक मात्र अस्पताल र एक मात्र चिकित्सक हुँदा कन्ट्याक ट्रेसिङमा पर्दा आवश्यक जनशक्ति अभावका कारण अस्पताल नै बन्द गर्नुको विकल्प नभएको डा अधिकारीले बताउनुभयो । स्वस्थ्य क्षेत्रमा पर्याप्त जनशक्ति नहुनु, भएका उपकरण प्रयोगमा आउन नसक्नु ठूलो चुनौती रहेको छ । हिमाली जिल्ला जटिल बिरामी भएमा समयमा उपचार गर्न नपाउँदा जीवन नै तलमाथि हुनसक्छ। हुनेखानेले हेलिकोप्टर चार्टर्ड गरेर ठाउँमा पुग्लान तर सर्वसाधारण भने अकालमै मर्नुपर्ने बाध्यता देखिन्छ। स्थानीय तहले पटक-पटक पहल गर्दासमेत सुनाइ नभएको स्थानीय तहको गुनासो छ । प्रदेश सरकार र केन्द्रमा समेत बेलाबेलामा चर्चामा रहेको मनाङ अस्पतालमा अझै जनशक्ति अभावले भएका उपकरणसमेत सञ्चालनमा आउन सकेकाछैनन्।सरकारकोनीतिअनुसार अस्पतालको शिलान्यास त भएकै छन् तर आवश्यक जनशक्ति कहिले पुग्ने सर्वसाधारणको गुनासो छ। देशमा बढ्दै गइरहेको कोरोना महामारीमा यी उपकरण सञ्चालनमा आउन सके जिल्लावासीले राहत महसुस गर्ने थिए।


## तपशिल बमोजिमका ऋणी सदस्यहरुलाई ऋण चुक्ता गर्न आउने बारे ३५ दिने सूचना

मिति २०७८/०१/०३

यस संस्थाबाट तपशिलमा उल्लेखित सदस्यले अचल सम्पत्ति धितो सुरक्षण राखी ऋण लिनु भएकोमा उक्त ऋण रकम नियमित रुपमा संस्थालाई तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज एवं अन्य दै-दस्तुर समय भित्र नतिरी, नबुझाई ऋण तिर्नुपर्ने भाखा नाघेको, साथै यस संस्थासंग गर्नुभएको शर्त सम्झौता उल्लङ्घन गरेको र संस्थाले मौखिक, लिखित सूचना दिएर पटकपटक तरताकेता गर्दा समेत ऋणको तिर्नुपर्ने साँवा ब्याज तथा हर्जना रकम भुक्तानी नगरेको हुँदा यो सूचना प्रकाशित भएको मितिले ३५(पैतिस) दिनभित्रमा ऋणको सम्पूर्ण साँवा, ब्याज एवं हर्जाना रकम चुक्ता, भुक्तानी गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ। अन्यथा यस संस्थालाई ऋण सुरक्षण बापत लेखी लेखाई दिएको धितो सहकारी ऐन २०७४ को दफा ७९ बमोजिम, अन्य प्रचलित ऐन कानुन साथै संस्थाको ऋण लगानी तथा असुली निती बमोजिम लिलाम बिक्री गरी संस्थाको सम्पूर्ण लेना रकम असुल उपर गर्ने ब्यहोरा समेत यसै सूचनाद्धारा जानकारी गराईन्छ।

**तपशिल**:

| सि.नं. | ऋणी सदस्यको नाम थर | धितो विवरण |
|---|---|---|
| १ | प्रसाद गिरीको नाती उदौ गिरीको छोरा कास्की जिल्ला पोखरा उ.म.न.पा वडा नं.-८ घर भै हाल पोखरा म.न.पा. वडा नं. ८ बस्ने<br>**ऋणी: चन्दन गिरी** | चन्दन गिरीको नाममा मालपोत कार्यालय कास्कीमा दर्ता श्रेस्ता कायम रहेको साबिक छिनेडाडा गा.बि.स. वडा नं. ६ कित्ता नं. ३०७८७ को क्षेत्रफल ०-६-२-२हाल साबिक भै आएको पोखरा उ.म.न.पा वडा नं. १७ कित्ता नं. १८५ को क्षेत्रफल १७४ ब.मी. को जग्गा |

नोटः यस संस्थाबाट ऋण लिई ऋणको किस्ता नियमित नगर्ने अन्य सदस्यहरुलाई समेत यसै सुचनाद्धारा ऋण नियमित गर्नुहुन जानकारी गरिन्छ। अन्यथा यसै अनुसार कानुनी प्रक्रिया मार्फत लेना रकम असुलउपर गर्न संस्था बाध्य हुनेछ।

पोखरा रोयल बचत तथा ऋण सहकारी संस्था लिमिटेड
Pokhara Royal Saving & Credit Co-operative Society Limited
प्रधान कार्यालयः पोखरा-१०, बुद्धचोक, कास्की
फोन नं.: ०६१-५३८८३३